# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXI | YEAR OF OUR LORD JESUS CHRIST, JUNE 2021 | No.7


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

परमप्रभुको प्रशंसा

भजनसंग्रह ९१:१–१०

१. जो परमप्रधानको शरणमा बास गर्दछ, त्यो मानिस सर्वशक्तिमानको छत्रछायामुनि रहन्छ।

२. परमप्रभुको बारेमा म भन्नेछु, उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु।"

३. निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट र घातक रूढीबाट बचाउनुहुनेछ।

४. उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ। उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ।

५. तिमी रातको ठूलो त्रासदेखि र दिनमा उडेर आउने बाणदेखि डराउनेछैनौ,

६. न त अन्धकारमा फैलिने रूढीदेखि, न मध्यदिनमा नाश गर्ने महामारीदेखि डराउनेछौ।

७. एक हजार जना तिम्रो नजिक लोट्लान् र तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजिक त्यो आउनेछैन।

८. तिमीले आफ्ना आँखाले मात्र त्यो अवलोकन गर्नेछौ र दुष्टहरूको प्रतिफल देख्नेछौ।

९. यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने– परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ–

१०. तिम्रो कुनै अनिष्ट हुनेछैन, तिम्रो घरको नजिक कुनै विपत्ति आउनेछैन।

# परमेश्वरको पूर्णताले भरिपूर्ण होओ !

## Be filled with the Fullness of God !

(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)

***"...ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ" (एफिसी ३:१९)।***

"... उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून् र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून् र प्रेममा जरा गाडिएका र दहिला भएर, सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ" (एफिसी ३:१६-१९)।

"... हामी छालले अगि-पछि हुत्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फट्याइँले यताउता

बाँकी पृष्ठ ३ मा

## प्रेमिलो अनुरोध

तपाईं सबैलाई थाहै छ, कर्मचारीको तलब, कागज खरिदको खर्च र यात्रा खर्चजस्ता विभिन्न आवश्यकताहरू पूरा गर्न हामीलाई निकै कठिन भएको छ। सामान्यतया: हामीले आफ्ना आर्थिक आवश्यकताहरू पूरा गर्न अरूलाई कहिल्यै भन्दैनौं। तर यो सेवकाइलाई साँचो रूपमा प्रेम गर्ने व्यक्तिहरूलाई आफ्ना भेटीहरू, **मनी अर्डर, चेक वा डिमान्ड ड्राफ्ट, फोनपे, निफ्ट, पेपाल, फोनपे, जीपे (९८४१० ७१८५८)** वा अन्य कुनै तरिकाहरूबाट पठाउन र यो सेवकाइमा हामीलाई सहायता गर्न आग्रह गर्दछौं। जब तपाईंले भेटी पठाउनुहुन्छ, कृपया एसएमएस, ह्वाट्सएप वा फोनबाट हामीलाई जानकारी दिनुहोस्। हामीलाई सहायता गरिरहनुभएका सबैप्रति हामी धन्यवादी छौं। परमप्रभुले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ।


**-सम्पादक, बोलावटको प्रतिध्वनि**

98412 71858/98410 71858

Email: sam@echoofhiscall.org


**"...दाजुभाइ कठिनाइको निम्ति जन्मेका हुन्छन्"**

(हितोपदेश १७:१७)

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष

# तपाईंको प्रिय भाइबाट....





**तपाईंको पवित्र मन्दिरका उत्तम पदार्थले हामी तृप्त भएका छौं**
भजनसंग्रह ६५:४

**हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको मीठो नाउँमा तपाईं सबैलाई धेरै प्रेम ।**

हाम्रो प्रेमिलो मुक्तिदाता येशू ख्रीष्टलाई धन्यवाद दिन र प्रशंसा गर्न मेरो परिवार र सेवकाइका सदस्यहरूसँग म हातेमालो गर्दछु, जसले आफ्नो हातद्वारा सम्पूर्ण ब्रम्हाण्ड नियन्त्रण गर्नुहुन्छ ।

हो, हाम्रो जीवनको हरेक पक्षमा परमेश्वर हामीसँग भलो हुनुहुन्छ । उहाँले बचाउनुहुन्छ, उहाँले प्रदान गर्नुहुन्छ र हाम्रा सम्पूर्ण विषम परिस्थितिहरूमा आफ्नो शक्तिद्वारा हामीलाई सुसज्जित गर्नुहुन्छ । जब विगतको महिनामा हामी कोभिड १९ को संक्रमणमा परेका थियौं, उहाँले हाम्रो परिवारलाई बचाउनुभएको थियो । हाम्रो विषम परिस्थितिमा आफ्ना प्रार्थनाहरूमा हामीलाई उचाल्नुहुने र हामीसँग खडा हुनुहुने हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हामी धन्यवादी छौं ।

दाजुभाइ तथा दिदीबहिनीहरूका निम्ति हामी परमेश्वरप्रति पनि धन्यवादी छौं, जो हाम्रो सेवकाइको यी कठिन घडीमा बोलावटको प्रतिध्वनि सेवकाइहरूका विभिन्न आवश्यकताहरू पूरा गर्न आफ्ना प्रार्थनाहरू र सहायताद्वारा हामीसँग खडा हुन अगाडि आउनुभएको थियो । कर्मचारीको निम्ति तलब, कागजहरू किन्न, आदिजस्ता विभिन्न आवश्यकताहरू पूरा गर्न हामीलाई कठिन भएको छ । सामान्यतया: हामी आफ्ना आर्थिक आवश्यकताहरू पूरा गर्नको निम्ति अरूलाई भन्ने गर्दैनौं । तर मनि **अर्डर, चेकहरू, डिमाण्डड्राफ्ट, एनइएफटी, पेपाल, फोनपे, जीपे (९८४१० ७१८५८), वेस्टर्न यूनियन, मनिग्राम वा अन्य कुनै तरिकाबाट** यो सेवकाइमा हामीलाई सहायता गर्न आफ्ना भेटीहरू पठाइदिन यो सेवकाइलाई साँचो रूपमा प्रेम गर्नेहरूलाई हामी आग्रह गर्दछौं । जब तपाईंले आफ्नो सहायता पठाउनुहुन्छ, कृपया एसएमएस, ह्वाट्सएप वा फोनकलबाट हामीलाई जानकारी दिनुहोस् । हामीलाई सहायता गरिरहनुभएकाहरूप्रति हामी धन्यवादी छौं । परमप्रभुले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ ।

वर्तमानमा भारत सरकारले हाम्रो विदेशी बैंक खाता रोक्का गरेको छ र हामीले नयाँ बैंक खाता नम्बर पाउने आशा गरिरहेका छौं । त्यसैले हामीबाट तपाईंले जानकारी नपाउनुभएसम्म कृपया हामीलाई तपाईंको सहायता पठाउन तल दिइएको बैंक खाताहरू प्रयोग गर्नुहोस्:

**S.SAM SELVA RAJ**
STATE BANK OF INDIA,
Triplicane Branch, Chennai.
Account No. 102329 34679
IFSC Code : SBIN0000249
Swift Code : SBI NIN BB 455

हामी तपाईंलाई अत्यन्तै धेरै प्रेम गर्दछौं । विगत ५ दशकदेखि तपाईं हामीसँग हुनुभएको निम्ति हामी अत्यन्तै खुसी छौं । त्यही कारणले गर्दा हामीले आफ्नो पत्रिका सेवकाइ, बाइबलकोर पत्राचार कोर्स, ईश्वरशास्त्रीय पत्राचार कोर्स, नहेम्याह बाइबल कलेजहरू, मण्डलीहरू, आदि बिना कुनै समस्या कायम राख्न सकेका छौं ।

तपाईंबाट प्रतिक्रिया पाउने अपेक्षा गरिरहेका छौं । *"तर त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ । त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिँजाएको हुन्छ । गर्मी हुँदा त्यो डराउँदैन, त्यसका*

**OUR MISSION POLICY**
We should expound and teach the contemporary generation the undiluted teachings of the ancient and early Apostles. It is the need of the hour.

**CHIEF EDITORS**
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paul Raj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.

**CORE ADVISORS**
Aud. K. Puratchivendan, M.Com., B.L.
Er. C.G.S. Babu Rao, B.Tech., M.Tech (DM)
Dr. S. Rabinder Boaz, M.S.
Dr. J.R. Jeyabalan
Adv. N. Balaji, B.Com., B.L.
Sis. Ajitha Mary, M.A.

**PUBLISHER, PRINTER & PROPRIETOR**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.Mail ID**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org /
www.echoofhiscall.com

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) ¤ BIBLECOR - Postal Courses (3 languages) ¤ Theological Correspondence Courses (2 languages) ¤ Church Planting ¤ Nehemiah Bible Colleges ¤ Gospel Printing Press ¤ Great Commission Partners ¤ St. Paul's Matriculation School ¤ Crusades ¤ Community Development

*पातहरू सधैं हरियै हुन्छन् । खडेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन र त्यसले फल फलाउन कहिल्यै चुक्दैन"* (यर्मिया १७:७,८) ।

दोस्रो लहरको रूपमा कोभिड १९ भाइरस पहिलोभन्दा अझै भयानक र विनाशकारी भएर देशभरि नै तीव्र गतिमा फैलिरहेको छ । भारत, अमेरिका, बेलायत र यूरोपका धेरै देशहरू नराम्ररी प्रभावित भएका छन् । यो निरासाको समयमा फेरि एक पटक भाइरस फैलनबाट रोक्न र त्यसलाई सदाको निम्ति रोक्न परमप्रभुकहाँ प्रार्थना गर्नेभन्दा अरू जाने ठाउँ कतै छैन ।

परमेश्वरको पखेटाको शरणमा तपाईंको सुरक्षाको निम्ति हामी निरन्तर प्रार्थना गर्छौं । "निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट र घातक रूढीबाट बचाउनुहुनेछ" (भजनसंग्रह ९१:३) । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।


खीष्ट येशूमा तपाईंको सेवकहरू,
पा. एस. साम सेल्भाराज र एलेक्स सामसन साम
(+91) 98412 71858 / 98410 71858
(+91-44) 2854 7766
E.Mail : samselvaraj333@gmail.com


---

*पृष्ठ १ बाट*

उडाइएका बालकहरूजस्ता नहोऔं । बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै अर्थात् खीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ" (एफिसी ४:१४,१५) ।

## खीष्टियान जीवन– पहिलो कदम

हाम्रो मुक्तिदाताको रूपमा प्रभु येशू खीष्टलाई स्वीकार गर्दै, बप्तिस्मा लिँदै र मण्डलीमा सहभागी हुँदैः यी सबै खीष्टियान जीवनका पहिलो कदम हुन् । धेरै मानिसहरू यो कदमको साथमा रोकिन्छन् । तिनीहरूले खीष्टियान हुने बाहिरी औपचारिकताहरू पछ्याउँछन् । औसत खीष्टियानहरूले अगुवाइ गरेझैं नामधारी खीष्टियान जीवनमा अघि बढ्ने कुरा सधैं खतरनाक कुरा हो । यसले कुनै पनि समयमा विपत्ति ल्याउन सक्छ । यही कारणले गर्दा हामी दोस्रो कदमतिर जानुपर्छ । बाइबलले भन्दछ कि हामी सधैं बालक रहनुहुँदैन र खीष्टमा सबै थोकहरूमा हुर्कनुपर्छ, जो शिर हुनुहुन्छ (एफिसी ४:१४,१५) । त्यसैले, हामी हुर्कनुपर्छ । जहाँ वृद्धि हुँदैन, त्यहाँ जम्मा भएर बसेको पानी हुन्छ र त्यो अन्त्यमा कुहिन्छ । परमेश्वरले हामीलाई महान् उद्देश्यको निम्ति बोलाउनुहुन्छ । उहाँले हामीलाई त्यस्तो समूहको रूपमा बोलाउनुभएको थिएन । परमेश्वरले अब्राहामलाई मूर्तिपूजकहरूका बीचबाट बोलाउनुभएको थियो र जसमा सारा राष्ट्रलाई आशिष् दिन प्रसन्न हुनुभयो । उहाँले तपाईं र मलाई पनि महान् जागृतिको निम्ति छान्नुभएको छ । त्यसैले, पहिलो कदमपछि हामीले आफैंलाई परमप्रभुप्रति समर्पित गर्नुपर्छ र खीष्टको निम्ति जिउने र खीष्टको निम्ति काम गर्ने केही स्थिर निर्णय लिनुपर्छ ।

## खीष्टियान जीवन– दोस्रो कदम

दोस्रो कदममा, हामीले उहाँलाई हाम्रो शिर, उहाँमा जरा गाडिएको र विश्वासद्वारा बलियो भएको रूपमा स्वीकार गर्नुपर्छ । हामीले प्राप्त गरेको आफ्नो दर्शन, अनुभव र ज्ञानद्वारा अगाडि बढ्नुपर्छ । पवित्र आत्माले स्पष्ट रूपमा भन्नुहुन्छ कि हामी वृद्धि भइरहने बालकहरूजस्ता हुनुपर्छ । मैले तपाईंसँग बाँडिरहेको यो परमेश्वरको वचनले तपाईंको आत्मिक जीवनलाई बलियो बनाउनेछ र यो संसारमा उहाँको निम्ति महान् कार्य गर्ने अवसर प्रदान गर्नुहुनेछ ।

### १. उहाँमा जरा गाडिएको

"यसकारण, जसरी खीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ । धन्यवाद दिनमा प्रशस्त हुँदै, तिमीहरूलाई शिक्षा दिएबमोजिम उहाँमा जरा गाडिएका र निर्माण भएका र विश्वासमा दह्रिला भएका होओ" (कलस्सी २:६,७) ।

खीष्टियान जीवन बाहिरी देखाउने कपटमय जीवन होइन । खीष्टियान जीवन सक्रिय हुन्छ र हरेक दिन परिवर्तन भएर जान्छ र बोटजस्तै वृद्धि हुन समर्पित हुन्छ । जब हामीले जमीनमा कुनै बिरुवा रोप्छौं, त्यसले माटोबाट पानी र अन्य पोषिलो कुराहरू लिन्छ र हावा र सूर्यको किरणको साथमा त्यसले सिद्ध वृद्धि प्राप्त गर्छ । सोही तरिकामा प्रभु येशू खीष्टलाई ग्रहण गरेको खीष्टियान उहाँमा गहिरो गरी जरा गाडिएको व्यक्ति हुनुपर्छ । जब तपाईंले खीष्टमा गहिरो जरा गाड्नुहुन्छ, तपाईंले संसारमा भएका कुनै पनि चुनौतिहरू सामना गर्न सक्नुहुन्छ र संसारको जङ्गली हावाहुरीको पनि तपाईंमाथि कुनै शक्ति हुँदैन । तपाईंले सम्पूर्ण सङ्घर्ष, कठिनाइहरू, छल र जीवनमा भएका शङ्काहरूलाई पराजित गर्न सक्नुहुन्छ । आवश्यक पोषण पाउनको निम्ति बिरुवाले आफ्नो जरालाई गहिरोतिर पठाउँछ । त्यसरी नै जब परमेश्वरको ज्ञानमा गहिरो गरी वृद्धि हुनुपर्छ । हाँगाचाहिँ दाखको बोट प्रभु येशू खीष्टसँग बलियो गरी जोडिएको हुनुपर्छ ! जति धेरै हामी परमेश्वरको उपस्थितिमा पर्खन्छौं र उहाँको निम्ति हाम्रो समय दिन्छौं, त्यति नै धेरै हामीले प्रभुमा गहिरो गरी जरा गाड्छौं । हामीले जति धेरै परमेश्वरको वचनलाई प्रेम गर्छौं (पवित्र बाइबल), त्यसलाई पढ्छौं र त्यसलाई हाम्रो जीवनमा अभ्यास गर्छौं, त्यति नै धेरै खीष्टमा हामी जरा गाड्छौं । हामीले आफ्नो बाइबललाई प्रेम गर्नुपर्छ र अङ्गाल्नुपर्छ । यसलाई उपयुक्त स्थानमा राख्नुपर्छ । हामीले पैसालाई सुरक्षित स्थानमा राख्छौं । बाइबललाई नष्ट भएर जाने पैसाभन्दा पनि धेरै महत्व दिनुपर्छ । खीष्टमा जरा गाडिएका मानिसहरूलाई हामीले दुई प्रकारमा विभाजन गर्न सक्छौं–

(१) आफ्नो जीवन परमेश्वरमा समर्पित गर्ने मानिसहरू र

(२) आफ्ना चाहनाहरू परमप्रभुमा समर्पित गर्ने मानिसहरू ।

जसले आफ्नो जीवन परमेश्वरलाई समर्पित गर्छ र आफ्ना विचारहरू र चाहनाहरू र आफ्नो जीवनको भविष्यको योजनालाई समर्पित गर्छ, त्यो मानिस प्रभुमा जरा गाडिएको व्यक्ति हुन्छ । खीष्टमा तपाईं त्यो स्तरसम्म जरा गाडिन, तपाईंले त्यो स्तरसम्म प्रभुमा आफ्नो जीवन समर्पित गर्नुपर्छ, तपाईंले

आफ्नो जीवनका आवश्यकताहरू त्यो स्तरसम्म समर्पित गर्नुपर्छ र प्रभुबाट अगुवाइ पाउन परमेश्वरको योजनामा निर्भर हुनुपर्छ । एउटा बिरुवा एउटै स्थानमा जब हुन्छ, तब मात्रै त्यो वृद्धि हुन्छ र सोही अनुसार पोषण पाउँछ । हामीले प्रायः त्यो बिरुवालाई निकाल्यौं र त्यसलाई अर्को स्थानमा राख्यौं भने त्यसको वृद्धि रोकिनेछ । हाम्रो जीवनमा पनि पवित्र आत्माको स्थायी वरदानहरू र साँचो वृद्धि पाउन हामीले परमेश्वरलाई स्थिर भएर समात्नुपर्छ ।

"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर । यस संसारको ढाँचामा नचल तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" (रोमी १२:१,२) ।

सबैभन्दा पहिले, तपाईं प्रभुमा जरा गाडिएको हुनुहुन्छ, आफ्नो शरीरलाई जीवित बलिदानको रूपमा दिनुभएको छ, जसको अर्थ तपाईंले प्रभुलाई आफ्नो जीवन पूर्णरूपले समर्पित गर्नुपर्छ । दोस्रो, आफ्नो चाहना र इच्छामा समर्पित भएर यो संसारको ढाँचामा नचल्नुहोस् । हामीले आफ्नो भूमिका नमुनाको रूपमा अरूलाई लिँदैनौं र हाम्रो जीवनमा तिनीहरूका पद्धतिहरूलाई पछ्याउँदैनौं । तपाईंले येशू ख्रीष्टलाई आफ्नो भूमिका नमुनाको रूपमा लिनुपर्छ । ख्रीष्टमा जरा गाडिएको जीवनचाहिँ त्यस्तो जीवन हुन्छ । त्यसपछि मात्रै तपाईंले आफैंलाई फल दिने गरी परिवर्तन गर्न सक्नुहुन्छ र अरूलाई आशिषित बनाउनुहुनेछ र सन्तुष्टिको जीवन जिउनुहुनेछ ।

वर्तमान संसारमा हामीमध्ये धेरैको दैनिकी जीवन हुन्छ । बिहान हामी उठ्छौं र सानो प्रार्थना गर्छौं, हाम्रैं बिहानका नित्यकर्म पूरा गर्छौं, केही खानेकुरा खान्छौं, हाम्रो जागिरमा जान्छौं, साँझ फर्केर आउँछौं, फेरि प्रार्थन गर्छौं र त्यसपछि सुत्न जान्छौं । हामीसँग बाइबल पढ्न समय हुँदैन, आराधना गर्न समय हुँदैन र परमेश्वर र उहाँका अचम्मका मार्गहरूका बारेमा सोच्ने समय हुँदैन । हामी आइतवारचाहिँ पवित्र जीवन जिउँछौं तर हप्ताका अन्य दिनमा त्यस्तो हुँदैन । यो खतरनाक शैली हो । हामीले आइतवार मात्रै परमप्रभुलाई पुकारा गर्छौं र उहाँको आराधना गर्छौं । परमेश्वरलाई प्रसन्न पार्ने यो जीवनको तरिका होइन । योचाहिँ सांसारिक बाहिरी जीवन हो, यो कपटले भरिएको जीवन हो । आजका ख्रीष्टियानहरू यस्तो जीवनबाट सन्तुष्ट भएका छैनन् । यो पर्याप्त छैन । तपाईं येशू ख्रीष्टमा गहिरो गरी जरा गाडिएको हुनुपर्छ ।

बाइबलको विषयमा लेखिएका पुस्तकहरू राम्रा हुन्छन् । तर त्योचाहिँ बाइबलको निम्ति प्रतिस्थापन गर्ने पुस्तक हुनुहुँदैन तर केवल गाइडको रूपमा पढ्नुपर्छ । बाइबलमा आधारित मनन गर्ने दैनिक पुस्तक लेख्ने मानिसले आफ्नै अनुभवबाट केही कुरा लेखेको हुन्छ । तर त्यो दिनको निम्ति त्यो पर्याप्त हुँदैन । बाइबलको बारेमा भएको पुस्तक मात्रै पढ्नु र बाइबलका रहस्यका कुराहरू जान्नु मात्रै होइन । त्यो पुस्तक पढेर मात्रै तपाईंको आत्मिक जीवनमा पर्याप्त मात्रामा प्रगति आउँदैन ।

यस्ता पुस्तकहरू पढेर केहीले सन्तुष्टि महसुस गर्छन्, केहीले चाहिँ कार्यालयमा जानुअघि क्यालेन्डरमा छापिएको बाइबलको पद मात्रै पढ्छन् । केहीले चाहिँ बाइबल खोल्छन् र पद पढ्छन् र तिनीहरूले बाइबल पढे भनेर बताउँछन् । तपाईं यस्तो प्रकारको कपटमय जीवन जिइरहनुभएको छ भने त्यो दिन आउनेछ र त्यो दिनमा तपाईं छलमा पर्नुहुनेछ । परीक्षा गर्नेबाट जाँचको समयमा, जब तपाईंको जीवनमा आँधीबेहरी आउँछ, जब के गर्ने भनेर थाहा नभएको बेलामा अड्किनुहुन्छ, तपाईं गुमाइमा पर्नुहुनेछ किनकि तपाईं प्रभुमा गहिरो गरी जरा गाडिएको अवस्थामा हुनुहुन्न ।

तपाईंले दिनमा कुनै राम्रो समय पाउनुहुन्न भने बिहान परमप्रभुको उपस्थितिमा शान्त भएर बस्नुहोस् र बाइबलबाट कम्तीमा पनि एउटा अध्याय पढ्नुहोस् र तपाईंले पढ्नुभएको कुरामा मनन गर्नुहोस् । जब तपाईंले सो खण्ड पढ्नुहनछ, "परमप्रभु मेरा गोठाला हुनुहुन्छ" भन्दै यी प्रश्नहरू सोध्नुहोस् । के म परमप्रभुको अघि भेडा हुँ ? के मैले परमेश्वरले देखाउनुभएको मार्गमा हिँडिरहेको छु ? आज शैतानले ख्रीष्टियानहरूलाई प्रार्थना गर्न नदिएर र परमेश्वरको वचनलाई महत्व दिन अनुमति नदिएर आफ्नो हातमा रोकेर राखेको छ । हामीले परमेश्वरसँगै बाइबल पढ्नुपर्छ र भन्नुपर्छ, "हे परमप्रभु ! मेरो जीवनको कुन भाग मैले परिवर्तन गर्नुपर्छ भनेर कृपया मलाई थाहा दिनुहोस् ? मेरा कमजोरीहरू केके छन् ? मेरा गल्तीहरू केके छन् ? मेरा पापहरू देखाइदिनुहोस् । म कुन दिशातिर जाँदैछु ? मलाई अगाडि बढ्नको लागि कुनचाहिँ सही दिशा हुनेछ ? मेरो जीवनमा भएका समस्याहरूका निम्ति तपाईंको वचनले मलाई के बताउँछ ?" परमेश्वरको दासले भन्दा


## Echo of His Call Postal Courses

### 1. BIBLECOR

We offer a Postal Course on Basic Truths of The Bible to new Christians and non-Christians in English, Hindi & Tamil. You will get a course book entitled **New Life – For You!** with about 70 pages. After the completion of this course, you will get a certificate. **There will be no compulsory fees**. This courses is for candidates in India only.

### 2. THEOLOGICAL CORRESPONDENCE COURSE

Advanced Distance Education called **Theological Correspondence Course** is available for Pastors, Evangelists and Christian Leaders! A fee of Rs. 1000/- is charged. 7 Books with 142 Chapters are supplied. **Certificate in Ministry** will be awarded.

***For more details, write to us.***

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, 10, Mohammed Abdullah 2nd Street, Opp. Cricket Stadium, Chepauk, Chennai - 600 005, India.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E-mail : biblecor@yahoo.co.in**

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

मई १९: संसारका सबै देशहरूमाथि उहाँको प्रशस्त आशिष्को वर्षाको निम्ति परमप्रभुलाई प्रशंसा होस्

मई २०: हाम्रो विगतको महिनाको खर्च पूरा गर्न परमेश्वरको प्रशस्त कृपाको निम्ति ।

मई २१: कार्यक्षेत्रमा भएका हाम्रा मिसनरीहरू र तिनीहरूका परिपारहरूको सुरक्षाको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मई २२: लकडाउनभन्दा अघि विगतको महिनामा मुख्य मण्डलीका क्रियाकलापहरू र आइतवारका सेवाहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मई २३: प्रान्तीय संयोजकहरू र तिनीहरूका परिवारहरूका निम्ति प्रशंसा गरौं ।

मई २४: हाम्रो बोबलवटको प्रतिध्वनिका सहसम्पादकहरू र तिनीहरूका परिवारहरूका निम्ति ।

मई २५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् साझेदारहरू र तिनीहरूका परिवारहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मई २६: मुख्य मण्डली र शाखा मण्डलीहरूका हाम्रा पास्टरहरू र सिनियर सदस्यहरूका निम्ति ।

मई २७: नयाँ आगन्तुकहरूका साथमा हाम्रो मुख्य मण्डलीमा परमेश्वरले आशिष् दिनुभयो ।

मई २८: हाम्रो सुसमाचारीय छापाखाना र प्रभावकारी कर्मचारीहरूका साथमा त्यसको निरन्तर संचालनको निम्ति ।

मई २९: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका प्रधानाध्यापक, शिक्षकहरू र कर्मचारीहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मई ३०: हाम्रो सुसमाचारीय छापाखानामा बोलावटको प्रतिध्वनि १७ वटा भाषाहरूमा छाप्न र विभिन्न स्थानहरूमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई ३१: सन् १९६९ देखि पत्रिकाको सेवकाइमा हाम्रो समर्पणतामा परमेश्वरको प्रशस्त आशिषको निम्ति परमेश्वरलाई धन्यवाद चढाऔं ।

जून १: हाम्रो बाइबलकोर र ईश्वरशास्त्रीय पत्राचार कोर्समा धेरै विद्यार्थीहरूका साथमा हामीलाई उपहार दिनुभएको निम्ति परमेश्वरलाई धन्यवाद ।

जून २: सबै प्रकारका कठिनाइहरूबाट सबै समयमा बचाउनुभएको निम्ति ।

जून ३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै प्रकारका दुष्ट शक्तिबाट बचाइरहनुभएको निम्ति परमेश्वरलाई प्रशंसा ।

### प्रार्थनाको निम्ति बुँदाहरू

जून ४: हाम्रो मासिक खर्चहरूका निम्ति परमेश्वरसँग प्रार्थना गरौं ।

जून ५: हाम्रा सेवकाइका क्रियाकलापहरू र वृद्धिको निम्ति प्रार्थना गरौं ।

जून ६: यी काम गर्ने समयभरि हाम्रो प्राङ्गणमा हाम्रो कर्मचारीको स्वास्थ्य र छापाखानाको सुरक्षा गर्नुभएको निम्ति ।

जून ७: सेवकाइका क्रियाकलापहरूमा हाम्रा साझेदारहरू र हाम्रो बोलावटको प्रतिध्वनिका प्रान्तीय संयोजकहरूका निम्ति प्रार्थना गरौं ।

जून ८: हाम्रो सेवकाइका कार्यहरूको फैलावट र सुसमाचार विश्वव्यापी रूपमा फैलनको निम्ति ।

जून ९: हाम्रो अङ्ग्रेजी सहसम्पादक भाइ एम. पावलराजले पूरै चङ्गाइ पाउन र शान्तिपूर्ण जीवनको निम्ति प्रार्थना गरौं ।

जून १०: भारतको सुसमाचार नपुगेको स्थानमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउन परमेश्वरसँग प्रार्थना गरौं ।

जून ११: लागुपदार्थ दुर्व्यसनीहरू र दुष्ट काम गर्नेहरूले पूर्ण छुटकारा पाऊन् ।

जून १२: सबै देशहरूको एकता र शान्तिको निम्ति प्रार्थना गरौं ।

जून १३: संसारका सबै मण्डलीहरू इमानदारीतामा बलियो रहून् ।

जून १४: कोभिड १९ को बीचमा पनि बोलावटको प्रतिध्वनिका हरेक जना सुरक्षित र स्वस्थ रहून् भनेर प्रार्थना गरौं ।

जून १५: संसारबाट कोरोना भाइरसको पूर्ण उन्मूलनतर्फ परमेश्वरको कृपाको लागि प्रार्थना गरौं ।

जून १६: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका सबै सदस्यहरूका लाभको निम्ति प्रार्थनामा उचालौं ।

जून १७: संसारभरिका सबै महिलाहरू र बालबालिकाहरूको सुरक्षाको निम्ति प्रार्थना गरौं ।

जून १८: सबै प्रकारका दुष्ट शक्तिहरूबाट हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूको सुरक्षाको निम्ति प्रार्थनामा उचालौं ।

पृष्ठ ४ बाट

पनि बाइबलले तपाई अझ स्पष्ट रूपमा बताउनेछ । हाल्लेलूयाह !

"ध्यान देओ कि कसैले दर्शनशास्त्र र खोक्रो छलद्वारा तिमीहरूलाई शिकार नबनाओस्, जो खीष्टकाअनुसार होइनन् तर मानिसको परम्परा र विश्वका आधारभूत सिद्धान्तहरूमाति अडिएका हुन्छन्" (कलस्सी २:८) ।

त्यसकारण, यो संसारका मानिसहरूको दर्शनशास्त्र र छलअनुसार धेरै मानिसहरूका जीवन व्यर्थमा खेर गइरहेको छ। जब तपाईंले नियमित रूपमा बाइबल पढ्नुहुन्छ, अध्यायअ‌ासार, पदअनुसार, पवित्र आत्मा तपाईंसँग बोल्नुहुनेछ। तपाईंलाई अरू कसैको सहयोगको आवश्यकता हुँदैन अथवा तपाईंको भविष्यको बारेमा थाहा गर्न कुनै स्थानमा जानुपर्देन । उहाँमा जरा गाडिएर बस्नुहोस् । खोक्रो छलदेखि होसियार हुनुहोस् ।

## २. उहाँमा निर्माण हुनुहोस्

बाइबलले भन्दछ, "... उहाँमा जरा गाडिएका र निर्माण भएका" (कलस्सी २:७) ।

हामी येशू खीष्टमा निर्माण हुनुपर्छ । हामी उहाँमा निर्माण भएको हुनुपर्छ र आपसमा जोडिएको सहर हुनुपर्छ ।

"खीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग बास गरोस् । पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ र परमेश्वरप्रति आफ्नो हृदयमा रहेका कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ" (कलस्सी ३:१६)।

हामीमध्ये कति जना परमप्रभुको प्रशंसा गर्दा खुसीसाथ गाउँछौं ? हामी आपसमा पनि निर्माण हुनुपर्छ । हामीलाई हेर्ने मानिसहरूले हामी परमेश्वरका छोराछोरी हौं भनेर भन्नुपर्छ। हामी आपसमा मिलेर निर्माण हुनुपर्छ ताकि हामीसँग भएका सम्बन्धित भएका मानिसहरूले हामीमा परमेश्वरको प्रेम देख्नुपर्छ । परमेश्वरको भय मान्ने मानिसहरू यो तरिकामा आशिषित हुनेछन्। हामी उहाँमा निर्माण हुनुपर्छ– अरूलाई सेव ागर्न, अरूलाई सहायता गर्न, अरूलाई शिक्षा दिनमा र अन्य धेरै कुराहरूमा। त्यसपछि हामी अरूका निम्ति आशिष् बन्नेछौं । आज धेरै मानिसहरूले आफ्नो जीवनलाई आफैं निर्माण गरिरहेका छन्, आफ्नै चाहनामा निर्माण भएका छन् र परमप्रभुमा होइन । त्यसैले, तिनीहरूका जीव्नमा फल छैन, त्यहाँ कुनै वृद्धि भएको छैन । हामीले असफलताको सामना गर्छौं, जब हामीले सही समयमा निर्माण गर्न असफल हुन्छौं ।

तपाईंको जीवनमा केही समयमा हुँदा मात्रै परमेश्वरको खोजी गर्ने कुरा खतरनाक हो । जब तपाईंको जीवनमा सबै थोक ठीक हुन्छ, तपाईंले परमेश्वरलाई प्रेम गर्नुपर्छ । तपाईंले त्यसो गर्नुहुन्छ भने तपाई उहाँमा निर्माण हुनुहुनेछ। जब कुनै व्यक्तिले जीवनमा आनन्द पाउँछ, उसले परमप्रभुलाई बिर्सन्छ । ऊ मण्डलीमा जान छोड्छ । सबै प्रकारका आरामदायी थोक पाइसकेपछि तपाईंले परमेश्वरलाई घृणा गर्नुहुन्छ भने जब कठिनाइ आउँछ कोहीले पनि तपाईंलाई सहायता गर्नेछैन। परमप्रभुले हामीलाई आफ्नो आँखाले देख्न नसक्ने केही कुराको निम्ति नियुक्त गर्नुभएको थियो भन्ने कुरा हामीले कहिल्यै बिर्सनुहुँदैन। यो संसारमा भएका सबै थोकहरू पूर्णरूपमा विनाशका लागि छन् । तर हाम्रो निम्ति नियुक्त गरिएका थोक अनन्त छ । हामीले यो कुरा बिर्सनुहुँदैन ।

तपाईंसँग पवित्र आत्माको अभिषेक रहेको छ र तपाई परमेश्वरको मन्दिर हुनुहुन्छ । तपाईंको सेवकाइको कार्यको बारेमा के त ? सुसमाचारको फैलावटको निम्ति आफ्नो जीवन बलिदानको रूपमा समर्पित गर्नेहरू आज आफ्ना सेवकाइहरूबाट भागिरहेका छन् । जब आवश्यकता थियो, तिनीहरूले परमेश्वरमा विश्वास गरे र जब तिनीहरूका आवश्यकता पूरा भयो, तिनीहरू परमेश्वरप्रति आफ्नो सेवाबाट भागेका छन् । केही अभिभावकहरू चिन्ता गरिरहेका छन् किनभने तिनीहरूका छोराछोरीले तिनीहरूका आज्ञा मानिरहेका छैनन् ।

तिनीहरूका अनाज्ञाकारीताको कारण तिनीहरूका अभिभावकहरू हुन् । बाइबलले भन्दछ, जब तपाईंले बाइबललाई बिर्सनुहुन्छ, परमप्रभुले तपाईंका छोराछोरीलाई बिर्सनुहुनेछ (होशे ४:६) । आज, धेरै परिवारहरूमा भएको समस्याचाहिँ तिनीहरूका छोराछोरीहरू हुन् । जब तपाईंका छोराछोरी साना थिए, तपाईंले तिनीहरूलाई आफ्नो हातमा राख्नुहुन्थ्यो र तिनीहरूलाई मण्डलीमा ल्याउनुहुन्थ्यो । अनि जब तिनीहरू ठूला भए, तिनीहरूले तपाईंको कुरालाई पछ्याउनुपर्छ । यो अवस्था तपाईंको परिवारमा छैन भने त्यहाँ केही कुरा गलत भएको छ। तपाईं परमेश्वरको छोराछोरी हुनुहुन्छ । तपाईंले आफ्ना छोराछोरीलाई परमप्रभुको मार्गमा पनि ल्याउनुपर्छ । त्यसपछि तपाईंको छोराछोरीमा पनि आशिष् आउनेछ ।

## ३. उहाँसँग हिँड्ने

"...उहाँलाई पूर्णरूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक" (कलस्सी १:१०) ।

तपाई परमेश्वरलाई प्रसन्न पार्ने जिउँदै परमेश्वरको भाँडो बन्नुपर्छ। हामी पापीहरूको मार्गमा हिँड्दैनौं । हामी परमप्रभुको ज्ञानमा बढ्छौं । आफैंलाई परमेश्वरमा समर्पित गर्छौं । खराब क्रियाकलापहरू हुने स्थानमा हामी जाँदैनौं। त्यस्ता स्थानरूमा जान तपाईंका छोराछोरीलाई पनि अनुमति नदिनुहोस्। तपाई त्यहाँ जानुहुन्छ भने एक दिन आउनेछ, जब तपाई परमप्रभुलाई मलाई बचाउनुहोस् भन्दै पुकारा गर्नुहुनेछ । तपाईंले शोक गर्नुहुनेछ । त्यसैले, परमेश्वरले तपाईंलाई चेतावनी दिँदै हुनुहुन्छ कि तपाई परमेश्वरसँग हिँड्न सिक्नुपर्छ। परमेश्वरसँग का मगर्ने बानी बनाउनुहोस् । भजनसंग्रह १:१ ले स्पष्ट रूपले तपाईंलाई भन्दछ, "धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन, जो पापीहरूको मार्गमा खडा हुँदैन अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन ।" खीष्टलाई नचिन्ने मानिसका कुरा नसुन्नुहोस्। त्यस्ता मानिसहरूसँग नहिँड्नुहोस्, अधर्मीहरूसँग होइन, संसारसँग होइन नता तपाईंका मित्रहरूसँग तर केवल खीष्टसँग मात्रै हिँड्नुहोस् ।

## ४. तपाईंको विश्वासमा बलियो हुनुहोस्

अवस्था राम्रो भए पनि वा नभए पनि हामी आफ्नो विश्वासमा बलियो भएरर खडा हुनुपर्छ । जब अवस्था राम्रो हुन्छ, हाम्रो विश्वासमा स्थिर हुन सजिलो हुन्छ । सायद

विश्वास त्यहाँ आवश्यक पनि नहुन सक्छ । तर अब्राहाम विश्वासका खामो थिए, जब उनी अत्यन्तै शङ्कामय अवस्थामा थिए । जब उनी ७५ वर्षका थिए, तब परमेश्वरले उनलाई छोरा दिने प्रतिज्ञा गर्नुभएको थियो र उनले ९९ वर्षसम्म पर्खे । तिनले गनगन गरेनन्। तिनले पूर्ण विश्वासमा परमेश्वरमाथि भरोसा गरे । जब परमेश्वरले विशेष रूपमा केही कुरा बोल्नुहुन्छ, त्यो पूरा हुनेछ भनेर तिनले विश्वास गरेका थिए । तपाईंलाई बोलाइएको उद्देश्यको निम्ति तपाईं एक्लै खडा हुनुपरे पनि तपाईं बलियो भएर खडा हुन सिक्नुपर्छ।

आजका साथीहरू भोलिका शत्रुहरू हुन सक्छन्। त्यसैले आफ्ना मित्रहरू वा पैसामाथि विश्वास नगर्नुहोस् । केवल परमप्रभुमा मात्रै विश्वास गर्नुहोस् । तपाईंको विश्वासमा कायम राख्ने एउटै तरिका यही हो ।

## ५. विश्वासमा वृद्धि हुनुहोस्

अब तपाईं बच्चा हुनुहुन्न । विश्वासमा वृद्धि हुनुहोस् । तपाईंले विश्वासमा हल्लाउन नसक्ने कुराहरू गर्न सक्षम हुनुपर्छ । तपाईंले महान् कार्यहरू गर्न र हाम्रो विरुद्धमा आएका दुष्ट शक्तिहरूमाथि विजय गर्न सक्षम हुनुपर्छ । बाइबलले अब्राहाम, नोआ र हाम्रा धेरै पुर्खाहरूका बारेमा बताउँदछ कि तिनीहरू विश्वासमा वृद्धि भए । तिनीहरू विश्वासका महान् मानिसहरू बने ।

"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ र तीभन्दा ठूला काम गर्नेछ किनभने म पिताकहाँ गइरहेछु" (यूहन्ना १४:१२) । पाँच हजारलाई खुवाउन परमेश्वरको निम्ति दुई माछा र पाँच रोटी नै पर्याप्त थिए । त्यसैले, कुनै पनि व्यक्तिलाई पैसाको खोजी गर्न जानु आवश्यक छैन । उहाँले आवश्यकताहरू पूरा गर्नुहुनेछ । आजको दु:ख आजको निम्ति पर्याप्त छ (मत्ती ६:३४) । जब तपाईं विश्वासमा वृद्धि भइरहनुहुन्छ, तपाईंले महान् कार्यहरू गर्न सक्नुहुनेछ ।

"मलाई तिमीहरूले चुनेनौ तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें कि तिमीहरू जाओ र फल फलाओ अनि तिमीहरूको फल रहिरहोस् । यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ" (यूहन्ना १५:१६) ।

कृपया नसोच्नुहोस् कि तपाईंले परमेश्वरलाई छान्नुभयो । होइन, तपाईंले परमेश्वरलाई छान्नुभएन तर परमेश्वरले तपाईंलाई छान्नुभयो । त्यसकारण, विश्वासको वफादार बन्नुहोस् !

---

# एउटा एक्लो जीवन

**नयाँ करार "निर्देशिका"– रेभ. डिक वुडवार्ड**

सानो गाउँमा जन्मिएको, उहाँ शान्त स्त्रीकी छोरा हुनुहुन्थ्यो ।

उहाँ तीस वर्ष नभएसम्म सिकर्मीको पसलमा काम गर्नुभयो र त्यसपछि तीन वर्षको लागि । उहाँले मानिसहरूसँग कुराकानी गर्न र उनीहरूका कुराहरू सुन्न देशभरि यात्रा गर्नुभयो र उहाँले सहायता गर्न सकेसम्म गर्नुभयो ।

उहाँले कहिल्यै पुस्तक लेख्नुभएन
उहाँले कुनै रेकर्ड बनाउनुभएन
उहाँ कहिल्यै कलेजहरूमा जानुभएन
उहाँ कहिल्यै सार्वजनिक कार्यालयमा जानुभएन
उहाँसँग परिवार नता आफ्नै घर थियो ।
प्राय: महान्ताले भरिएको कुनै पनि थोकहरू उहाँले कहिल्यै गर्नुभएन ।
उहाँसँग कुनै योग्यता थिएन तर उहाँ मात्रै ।

तर जब उहाँ केवल ३३ वर्षको हुनुभयो, उहाँको विरुद्धमा सर्वसाधारणको विचारको छाल आइरियो र उहाँका मित्रहरूले उहाँलाई इन्कार गरे । जीवनलाई छुनुभएको थियो । शास्त्रीहरू र फरिसीहरूसँग बोल्ने । उहाँले बप्तिस्मा दिने यूहन्नाको प्रवचनको अधीनमा पश्चात्ताप गर्ने कर उठाउनेहरू र वेश्याहरूका अगि परमेश्वरको राज्य आउन लागेको छ भनेर बताउनुभयो । उहाँले यो तरिकामा तिनीहरूलाई भनिरहनुभयो, "तिम्रा पेशा, तिम्रा सम्पूर्ण बाहिरी अतिरिक्त कुराहरू, तिम्रा आत्मिक अवस्थाका चिन्हहरूले स्वर्गमा तिम्रो निम्ति स्थान ग्यारेन्टी गर्दैन । तिमीहरूले आफ्नो जीवन कसरी जिउँछौ, त्यसले परमेश्वर तपाईंको राजा हुनुहुन्न र तपाईं उहाँको वफादार केन्द्र हुनुहुन्न भन्ने तथ्यलाई प्रदर्शन गर्छ, जस्तो स्वर्गमा गरिएको छ, त्यस्तै पृथ्वीमा उहाँको इच्छा पूरा गरिरहेको उहाँको दाखबारीमा काम गर्दै ।"

यहाँ अर्को विचार छ, जुनचाहिँ हरेक अनुभवी पास्टरहरूलाई निश्चित छ कि कहिलेकाहीँ बाहिरी रूपमा देखिने पापी मानिसहरू आफ्नो पेशाको शर्तमा, धर्मको बाहिरी ठूलो पेशा बनाउनेभन्दा राज्यतिर जोड दिन्छ । सबैभन्दा ठूलो विषय यस्तो देखिन्छ, "के तपाईंले त्यो निर्णय वा पेशा बनाइसक्नुभयो ? के तपाईं मण्डलीमा सहभागी हुनुभयो वा निर्णयको कार्डमा दस्तखत गर्नुभयो ? तपाईंले के विश्वास गर्नुहुन्छ भनेर तपाईंलाई थाहा छ र तपाईंले के कुरामा विश्वास गर्नुहुन्छ भनेर राज्यमा विश्वास नगर्ने मानिसहरूसँग कहाँ असहमत हुनुहुन्छ ?" ईश्वरशास्त्रमा इन्साफचाहिँ महान् "अन्तिम परीक्षा" हुन लागेको छ भन्ने विचार केही विश्वासीहरूले दिन्छन् । तापनि येशूले हामीलाई भन्नुहुन्छ, इन्साफको दिनमा विषय यही नै हुनेछ, के तिमीले भोकालाई खुवायौ, के तिमीले कैदमा परेका र बिरामीलाई भेट्न गयौ, के तिमीले एक्लो भएकाहरूलाई आतिथ्यता देखायौ, के तिमीले नाङ्गोलाई लुगा दियौ वा के तिमीले प्यासीलाई एक कप चिसो पानी दियौ (मत्ती २५) ? उहाँले डाँडाको उपदेशमा हामीलाई बताउनुभयो कि उहाँले इन्साफ गर्नुहुँदा धेरैले भन्नेछन्, "प्रभु, प्रभु"

बाँकी पृष्ठ 10 मा

**यो तपाईंको सेवकाइ हो । कृपया यो परमेश्वरको महिमाको निम्ति गर्नुहोस् । हामीलाई धेरै पाठकहरूको खाँचो छ ।**

कृपया तल कम्तीमा १० जनाको तपाईंका साथीहरू र आफन्तहरूका नामहरू, ठेगानाहरू, इमेल ठेगानाहरू र फोन नम्बरहरू लेख्नुहोस्। हरेक महिना निःशुल्क रूपमा तपाईंको तर्फबाट उपहारको रूपमा उनीहरूलाई हामी **बोलावटको प्रतिध्वनि** पत्रिका पठाउनेछौं ।

1.______________________________________

2.______________________________________

3.______________________________________

4.______________________________________

5.______________________________________

6.______________________________________

7.______________________________________

8.______________________________________

9.______________________________________


# NEHEMIAH BIBLE COLLEGES Estd.:1992

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

## ECHO OF HIS CALL MINISTRIES (ESTD.: 1969)

**Recognised by the International Christian Leaders & Senior Pastors for the 50 Years!**

**Applied for ATA accreditation**

**RESIDENTIAL COLLEGE, Velachery**
**(Medium: English & Hindi)**

Course : Certificate Course / Diploma in Theology
Qualification : 10th Standard

**EVENING COLLEGE, Chepauk & Santhoshapuram**
**(Medium : Tamil)**

**Course** : Certificate Course / Diploma in Theology
*Monday, Tuesday & Thursday at 6.30 p.m. to 8.30 p.m.*
(Evening Classes - Chepauk)
Qualification : 10th Standard

**C.Th. - One Year**
**D.Th. - Two Years**

Classes Start on : 01-08-2021

Golden Opportunity!

Don't miss!!

God is Calling you!!!

**For more Details & Application Forms Please Contact:**
**Pastor S. Sam Selva Raj, Founder - President**
**Nehemiah Bible College**
10, Mohammed Abdullah 2nd Street, Bells Road, Opp. Cricket Stadium, Chepauk, Chennai - 600 005, India.
**Phone : (+91-44) 2852 8282, 2852 9293, 2854 7766, Cell No : (+91) 98410 71852 95661 31858**
**E.Mail : sam@echoofhiscall.org / biblecor@yahoo.co.in Website : www.echoofhiscall.org / www.echoofhiscall.com**



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।**

इसहाकले बानीनाली लगाए र त्यही साल तिनले सय गुणा कटनी गरे, परमेश्वरले तिनलाई आशिष् दिनुभयो (उत्पत्ति २६:१२) ।

## "बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठरोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल । तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ" (मत्ती १०:८) ।

हालै मात्र एक जना भरोसायोग्य अखीष्टियान युवक मकहाँ आयो र उसको ४० वर्षीय आमा लामो समयदेखि गम्भीर रोगबाट ग्रसित भएकी र तिनको निम्ति गरिएका सबै आत्मिक र औषधीका प्रयासहरू व्यर्थ भएको भनी मलाई बतायो । उसको आमालाई मेडिकलका समूहले त्यागिदिएका थिए किनकि तिनीमाथि प्रयोग गरिएका औषधीहरू र सर्जरीहरू व्यर्थ भएका थिए भनेर उसले थपेको थियो। अब उनीहरूसँग खर्च गर्नको निम्ति पैसा पनि थिएन। तर सो स्त्रीको पीडा दिनदिनै वृद्धि भइरहेको थियो। यो युवकले आफूसँग अस्पताल जान र आफ्नी आमाको निम्ति प्रार्थना गरिदिन मसँग बिन्ती गऱ्यो ।

मेरो प्रचारको कार्यहरूको तयारीमा म अत्यन्तै व्यस्त भए पनि मैले समय पाएँ र अस्पतालमा गएँ । तिनी अत्यन्तै गम्भीर अवस्थामा भएको कारण, वार्डभित्र जान मलाई अनुमति भएन र त्यसैले म आफ्नो मण्डलीबा प्रार्थना गर्नेछु भनेर तिनका आफन्तहरूलाई मैले बताएँ। तर परिवारका सदस्यहरूले मलाई त्यहाँबाट जाने अनुमति दिएनन् र बच्चाजस्तै गरी रुन थाले र स्वर्गीय पिताको विशेष चङ्गाइको छुवाइको निम्ति तिनीहरूमाथि उहाँको कृपादृष्टि राख्न त्यहाँ नै प्रभु येशू खीष्टलाई प्रार्थना गर्न मलाई बाध्य पारे ।

अन्त्यमा मैले तिनीहरूको कुरालाई मानें र तिनीहरू सबैलाई एउटा स्थानमा बोलाएँ र प्रभुबाट शक्ति प्राप्त गरें र समस्या, निरासा र जोखिमको समयमा प्रभु येशू खीष्टले मानिसहरूको जीवनमा के गर्न सक्नुहुन्छ भनेर तिनीहरूसँग बाँडें । त्यो स्त्रीको चङ्गाइको निम्ति हामी सबैले मिलेर प्रार्थना गऱ्यौं । हाम्रो प्रार्थना सिद्धिएपछि र हाम्रा आँखा खोलेपछि मैले एक जना मानिस आफ्नो मेडिकल सहायकहरूका साथमा हामीतिर आइरहेको मैले देखें । ऊ मेरो नजिकै आयो र मसँग हात मिलायो र पन्ध्र वर्षअघि मेरो प्रार्थनाबाट विशेष रोगबाट आफ्नो छोरालाई निको पारिएको कुरा सम्झियो र म यहाँ भीडमा किन उभिरहेको थिएँ भनेर सोध्यो ।

मैले तुरुन्तै सो स्त्रीको आवश्यकताको बारेमा व्याख्या गरें, जो आफ्नो जीवनको निम्ति लडिरहेकी थिइन्। उसले जवाफ दियो, "भाइ साम, म यो विभागको मुख्य डाक्टर हुँ। तपाईंको बिरामी पनि मेरा सहयोगीहरूको वास्ताको अधीनमा छन् । अब म व्यक्तिगत रूपमा जानेछु र आवश्यक भएका सबै थोक गर्नेछु र तिनको शीघ्र निको हुनको निम्ति उपयुक्त उपचारहरू दिएको कुरालाई हेर्नेछु ।" उसले मलाई आत्मविश्वासको साथमा घर फर्कन पनि आग्रह गऱ्यो ।

त्यसपछि केही दिनपछि परिवारका सदस्यहरू खुसीको खबरको साथमा मकहाँ आउनुभयो कि तिनको लागि गरिएको सर्जरी सफल भएको थियो र फेरि तिनलाई उपचार प्रदान गरिएको थियो र तिनी निको भएकी थिइन् । परमेश्वरले हाम्रो प्रार्थना सुन्नुभयो र तिनलाई आवश्यक भएको उपचार दिन सहि मानिस पठाउनुभयो। प्रभु र मुक्तिदाता येशू खीष्टको नाउँमा तिनीहरूले प्राप्त गरेका आशिष्को निम्ति तिनीहरू धन्यवादी र विश्वासयोग्य थिए ।

प्रिय पाठकहरू, सोही परमेश्वर अझै पनि तपाईंको निम्ति उपलब्ध हुनुहुन्छ । आफ्ना मार्गहरू उहाँमा समर्पित गर्नुहोस् र तपाईंको परमेश्वर र मुक्तिदाताको रूपमा उहाँलाई स्वीकार गर्नुहोस्। उहाँले तपाईंलाई असहजतामा छोड्नुहुनेछैन र उहाँ निश्चय नै तपाईंकहाँ आउनुहुन्छ र तपाईंको वास्ता गर्नुहुन्छ (यूहन्ना १४:१८)। परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

**"जो बुद्धिमान् छ, त्यसले यी कुराहरूमा ध्यान देओस्..." (भजनसंग्रह १०७:४३) ।**

**"तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ" (यूहन्ना १६:२०)**

**"...किनकि परमप्रभु यसैमा प्रसन्न हुनुहुन्छ..." (भजनसंग्रह १४६:७)**

**NEHEMIAH BIBLE COLLEGE**
CHENNAI.

**WARDEN WANTED**

We need a Hindi and English knowing Theologian to work in our Nehemiah Residential Bible College as **Warden.** Salary, Boarding and Lodging will be provided.

Please contact:
**Pr. Sam Selva Raj.**
Cell : 98412 71858 / 98410 71858
E.mail : sam@echoofhiscall.org

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

पृष्ठ 7 बाट

जब उहाँलाई पक्रिएको थियो, अत्यन्तै थोरैले मात्रै उहाँसँग केही गर्ने चाहना राखे । सुनुवाइपछि चोरहरूका साथमा राज्यले उहाँलाई मृत्युदण्ड दियो । केवल उदार मित्रले आफ्नो चिहानघारी खोलेको हुनाले उसलाई गाड्न कुनै स्थान भएको थियो । यो सबै बीस शताब्दीअघि भएको थियो र तापनि आज उहाँ मानिस जातिको अगुवाइ गरिरहनुभएको व्यक्तित्व हुनुहुन्छ र प्रेमको अन्तिम उदाहरण ।

अब सबै सेनाहरूले मार्च गर्दा, सबै जलसेना अगाडि बढ्दा, सबै शासकहरूले शासन गरेभन्दा र सबै राजाहरूले यस पृथ्वीमा शासन गरेभन्दा पनि बढाइचढाइ गर्नुपर्दैन– यी सबैलाई एकातिर राख्दा पृथ्वीमा यो एक जना एक्लो जीवनलेजस्तो पृथ्वीमा कसैले पनि प्रभावमा पार्न सकेको छैन (फ्रेड बोक) ।

जब येशू दुई वर्षअघि पृथ्वीमा हिँड्नुभएको थियो, उहाँले विभिन्न प्रकारका मानिसहरूका धेरैलाई नजिक बनाउनेहरू छन् ।

जसै हामी आजको हाम्रो संस्कृतिमा यी विचारहरू लागु गर्छौं, हामीले जीवनका कार्यहरूमा धेरै जोड पर्छ भनेर पाउँछौं, जुन हामीले सुन्नु आवश्यक छ। सांसारिक जीवनमा आज प्रमाणपत्रमा अतिरिक्त जोड दिइएको छ । येशू योग्यताको विरुद्धमा हुनुहुन्न तर प्रमाणपत्र आवश्यक योग्यता होइन भनेर हामीलाई सम्झाउन उहाँले यहाँ आफ्नो बुँदा राख्नुहुन्छ । प्रमाणपत्रले हामी योग्यका छौं भनेर बताउँछ तर अन्त्यमा हामी योग्यका छौं भनेर हामीले देखाउने कार्यले प्रदर्शन गर्दछ । त्यसकारण, असल सिफारिसले हाम्रो प्रमाणपत्रलाई मात्र सूचीकृत गर्दैन कि हामी योग्यका छौं र त्यसले हाम्रो "अभिलेख" वा अनुभव पनि दिन्छ, जसले हामी सत्य छौं भनेर प्रमाणित गर्दछ ! संसारको संस्थागत खीष्टियान विश्वासले विश्वास, विश्वासको सार र ईश्वरशास्त्रको पेशामाथि अतिरिक्त किनभने मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ र तिनीहरूले परमेश्वरको इच्छाअनुसार गरेका थिएनन् भनेर बताउनुहुन्छ । कामबिनाको पेशा जगबिनाको घरहो तर कार्यसहितको पेशाचाहिँ ठोस चट्टानको जगमा बनाएको घर हो, जुन जीवनको आँधीको विरुद्धमा बलियो गरी खढा हुनेछ भनेर हामीलाई बताउँदै उहाँले डाँडाको उपदेशलाई निष्कर्षमा पुऱ्याउनुभएको थियो ।

येशू महान् शिक्षक हुनुहुन्थ्यो र उहाँले शिक्षामा जोड दिनुभयो । हामीले पहिले नै देखाएझैं यी सुसमाचारमध्ये एक तिहाइमा येशूको शिक्षा रहेको छ । त्यसकारण, हामीले विश्वास गर्ने कुरा महत्वपूर्ण हो भनेर उहाँले महसुस गर्नुभयो । अर्को शब्दमा उहाँले राज्यको फैलावटमा ठूलो जोड दिनुभएको थियो । तापनि, यहाँ उहाँको बुँदाचाहिँ यस्तो छ कि कार्यबिनाको पेशाचाहिँ गलत जानकारीको भ्रष्टता हो ।


# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** | **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** is supported by the free-will offerings and donations of the God's Children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us. `Whenever you change your postal or E.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our websites also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

**ECHO OF HIS CALL,** 10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai - 600 005, India
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766, Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in / Websites: www.echoofhiscall.org / www.echoofhiscall.com

**YOU CAN SEND YOUR DONATIONS BY ONLINE ALSO**



**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th JUNE 2021**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**


***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**